# ढोरपाटन नगरपालिका

---

# स्थानीय राजपत्र

---

## ढोरपाटन नगरपालिकाद्वारा प्रकाशित

वर्षः ६) ढोरपाटन, फागुन १ गते, २०७९ साल

---

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम ढोरपाटन नगरपालिकाको कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत् २०७९ सालको कार्यविधि नं. १४

# महिला स्वास्थ्य स्वयंसेविका व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७९

प्रस्तावनाः

संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी अधिकारलाई सबै नागरिकले उपभोग गर्न पाउने अवसरको सिर्जना गर्न जारी भएको राष्ट्रिय स्वास्थ्य नीति,२०७६ को बुँदा नं ६ मा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको परिचालन तथा व्यवस्थापन स्थानीय तहबाट गर्ने व्यवस्था छ । नगरपालिकाको क्षेत्रमा मातृ मृत्युदर, शिशु मृत्युदर तथा बाल मृत्युदरमा आएको कमीमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको सक्रिय भूमिकालाई उच्च मूल्याङ्कन गर्दै समुदायमा सचेतना अभिवृद्धि एवं स्वास्थ्य सेवा प्रवाहमा सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई उत्प्रेरित गर्न आवश्यक देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी ढोरपाटन नगरपालिका नगरकार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ ;** (१) यो कार्यविधिको नाम "महिला स्वास्थ्य स्वयंसेविका व्यवस्थापन सम्बन्धी कार्यविधि",२०७९ रहनेछ ।

(२) यो कार्यविधि ढोरपाटन नगरपालिका नगरकार्यपालिका बैठकले पारित गरेपछि लागू हुनेछ ।

२. **परिभाषा ;** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "कार्यविधि' भन्नाले महिला स्वास्थ्य स्वयंसेविका व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७९ सम्झनु पर्दछ

(ख) "छनौट' भन्नाले पहिलो पटक वा पूनः तोकिएको प्रक्रिया र विधि पूरा गरि छनौट भएको योग्य व्यक्ति सम्झनु पर्दछ ।

(ग) "बिदाई' भन्नाले महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा काम गरी सेवा बाट अलग भएको अवस्था सम्झनु पर्दछ ।

(घ) " स्वयंसेविका' भन्नाले स्थानीय स्वास्थ्य आमा समूहद्धारा छनौट गरिएको, निश्चित अवधिसम्म स्वयंसेवक भई कार्य गर्न तत्पर भएका , स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयद्धारा निर्धारित पाठ्यक्रमलाई आधार मानी सम्बन्धित प्रदेशले तयार गरेका पाठ्यक्रम अनुसार तालिम

प्राप्त गरी स्थानीय स्वास्थ्य संथाद्धारा प्रदान गरिने विभिन्न स्वास्थ्य कार्यक्रमहरूमा सहयोग पुर्याउने स्वयंसेवी महिलालाई जनाउछ ।साथै यस शब्दले आमा समूहबाट छनौट भई तालिम लिन बाँकी रहेका स्वयंसेवी महिला समेटलाई सम्झनु पर्दछ ।

## परिच्छेद – २

## स्वयंसेविका छनौट तथा बिदाई एवं सेवा बाट हटाउने सम्बन्धी व्यवस्था

३. **स्वयंसेविका छनौटः** (१) स्वयंसेविकाको छनौट गर्दा देहायको प्राबधान लाई आधारमानी छनौट गरिनेछ ।

(क) सम्बन्धित कार्यक्षेत्रमा स्थाई बसोबास गरेको हुनुपर्ने,

(ख) कम्तिमा १० बर्ष सेवा गर्न ईच्छुक रहेको प्रतिबद्धता गरेको हुनु पर्ने,

(ग) समाज सेवा गर्न ईच्छा भएको,

(घ) २५ बर्ष उमेर पूरा भई ४५ बर्ष ननाघेको,

(ङ) विवाहित तथा बच्चाको आमा ,सिमान्तकृत,लोपोन्मुख वर्ग तथा पिछिडिएको महिलालाई प्राथमिकता दिईनेछ ।

(च) कुनै लाभको पदमा बहाल नरहेको हुनुपर्नेछ ।

(छ) आधारभुत शिक्षा पास गरेको ।

४. **स्वयंसेविकाको बिदाईः** दफा ३ अनुसार छनौट भई कार्यरत रहेका स्वंयसेविकाको देहायका अवस्थामा सेवा बाट बिदाई गरिनेछ ।

(क) राजिनामा दिएमा,

(ख) ६० बर्ष उमेर पूरा भएमा,

(ग) वैतनिक पदमा बहाल भएमा,

(घ) जनप्रतिनिधिको रुपमा नियुक्ति वा निर्वाचित भएमा,

(ङ) बिना सुचना ३ पटक सम्म स्वास्थ्य आमा समूहको बैठक नराखेमा वा अनुपस्थित भएमा,

(च) बसाईसराई गरेमा

५. **स्वयंसेविको सेवा बाट हटाईनेः** (१) यस्वयंसेविकालाई देहायका अबस्थामा सेवा बाट हटाईनेछ ।

(क) स्वयंसेवी भावना तथा आचारण बमोजिम कार्य नगरेमा,

(ख) फौजदारी अभियोग तथा नैतिक पतन हुने कार्य गरेको प्रमाणित भएमा

(ग) स्वयंसेविकामा नियुक्त भएपछि जनप्रतिनिधि भई वा कर्मचारिको रुप मा नियुक्ति लिई मासिक रुपमा तलब भत्ता प्राप्त गर्ने भएमा।

(घ) सेवा सन्तोषजनक नभएमा

(ङ) ३ पटक भन्दा वढी मासिक कार्यप्रगति समयमै नवुझाएमा,

(च) सम्बन्धित भौगोलिक क्षेत्रमा घर ठेगाना भएता पनि ९०% भन्दा कम अवधि बसोबास गरेको अवस्थामा

## परिच्छेद – ३
## सेवा सुविधा सम्बन्धी व्यवस्था

**६. सेवा तथा सुविधा ;**

(१) महिलास्वयंसेविकालाई अनुसुचि १ बमोजिम को सेवा सुबिधा उपलब्ध हुनेछ।

(३) नेपाल सरकार बाट तोके बमोजिम स्वयंसेविकालाई पोशाक खर्च तथा यातायात खर्च उपलब्ध हुनेछ।

(४) कम्तिमा ५ बर्ष सेवा गरेका र ६० बर्ष नाघेका स्वयंसेविकालाई कदर पत्र र अनुसुचि -१ बमोजिम को एकमुष्ट आर्थिक सहयोग सहित स-सम्मान बिदाई गरिनेछ।

(५) कम्तिमा ५ बर्ष सेवा गरेका स्वयंसेविकाको असामयिक निधन भएमा अनुसुची - १ बमोजिमको बिदाई रकम निजको हकबालाई दिईनेछ।

(६) माथि जुनसुकै कुरा लेखिएता पनि दफा ५ बमोजिम सेवा वाट हटाईएको अवस्थामा कुनै पनि सेवा सुविधा दिईने छैन।

(७) प्रत्येक ५-५ बर्षमा झोला र औषधी सहितको बाकस (FIRST AID KIT BOX) आवश्यकता अनुसार स्ट्रेचर उपलब्ध गराईनेछ।

## परिच्छेद – ४
## विविध

७. **अन्य छुट विषय ;** यस कार्य बिधिमा उल्लेख नभएका विषयमा यस नगरपालिका नगरकार्यपालिकाको निर्णय र प्रचलित कानुन बमोजिम हुनेछ।

८. **संशोधन तथा खारेजी ;** यस नगरपालिका नगरकार्यपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन तथा खारेजी गर्न सक्नेछ।

**अनुसुचि १**

**दफा ६(२) संग सम्बन्धित**

**स्वयंसेविकाले पाउने सुविधा**

| क्र.स. | क्रियाकलाप | समय | दर | कैफियत |
|---|---|---|---|---|
| १ | स्वयंसेविकाको सम्मानजनक बिदाई | ५ बर्ष भन्दा बढी अवधि सेवा गरेका | प्रति बर्ष रु २००० का दरले | |
| २ | बार्षिक ड्रेस खर्च | प्रति बर्ष | रु १०००० | नेपाल सरकार बाट ब्यवस्था |
| ३ | यातायात खर्च | प्रति बर्ष | रु १२००० | नेपाल सरकार बाट ब्यवस्था |
| ४ | कार्यरत महिला स्वास्थ्यस्वयंसेविका बिमा सहायता | प्रति बर्ष | रु ३५०० | ५०% नेपाल सरकारबाट र ५०% नगरपालिका बाट व्यहोरिने छ। |
| ५ | मेडिक मोबाईल खर्च | प्रति महिना | रु २०० | |
| ६ | ६० बर्ष नाघी बिदाई भएका महिला स्वयंसेविका बिमा सहायता | प्रति बर्ष | रु ३५०० | जेष्ठ नागरिक पुग्ने उमेर सम्म |

प्रमाणीकरण मितिः २०७९/०९/२५

आज्ञाले,

विष्णु प्रसाद ज्ञवाली

प्रमुख प्रशासकीय अधिकृत